# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

महादेवस्थान
Mahadevsthan

{०११४१२११२
०११४१२११३
०११४१२११४

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश,
Bagmati, Nepal


मितिः २०७७।०४।३०

**कोरोना भाइरस संक्रमण नियन्त्रण तथा रोकथाम सम्बन्धमा मण्डनदेउपुर नगरपालिकाको विज्ञप्ती !!!**

विश्वव्यापी स्वास्थ्य संकटको रुपमा रही हाल देशभर विभिन्न स्थानहरुमा दिन प्रतिदिन कोरोना भाइरसको संक्रमण फैलिरहेको सन्दर्भमा यस मण्डनदेउपुर नगरपालिकामा समेत मितिः २०७७/०४/२९ गते दुई जना स्थानिय बासिन्दालाई संक्रमण पुष्टी भएकोले यस नगरपालिकाभित्र थप संक्रमण फैलन नदिन तथा आइपर्नसक्ने जोखिमहरु प्रति नगरपालिका संवेदनशिल रही जिम्मेवार ढंगले अघि बढिरहेको व्यहोरा सबैमा अनुरोध गर्दछु। यस विषम परिस्थितिमा नगरबासीको स्वास्थ्य सुरक्षाका निमित्त अर्को सूचना नभएसम्म तपसिल बमोजिमका सहयोग पुऱ्याई सुरक्षित रहनुहुन सम्बन्धित सबैमा अपिल गर्दछु। साथै यस नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरु बाहेकका नगरपालिका र वडा कार्यालय अन्तरगतका अन्य कार्यालयहरु तथा संस्थाहरुबाट दिइने आपतकालिन बाहेकका सम्पूर्ण सेवा हालका लागि बन्द गरिएको जानकारी गराउँछु। स्वास्थ्य सम्बन्धी कुनै प्रकारका समस्या आएमा नजिकको स्वास्थ्य चौकी वा सम्बन्धित वडाका जनप्रतिनिधिहरुसँग सम्पर्क गर्न अनुरोध गर्दै नागरिकको सेवाका लागि निरन्तर यँहाहरुसँगै रहने प्रतिबद्धता व्यक्त गर्दछु।

तपसिलः

१ यस नगरपालिका क्षेत्र प्रवेश गर्ने सिपाघाट इन्द्रावती पुल, सिपाघाट मेलम्ची सडक, जिरोकिलो, नगरकोट टावर, भट्टेडाँडा, काँशीभञ्याङ्ग, कात्तिके, दोलालघाट लगायतका सम्पूर्ण नाकाहरु बन्द गरिएको साथै नगरपालिका क्षेत्रभित्र अत्यावश्यक बाहेकका सम्पूर्ण किसिमका सार्वजनिक तथा निजी सवारी साधन संचालन र व्यक्तिहरुको आवत जावतमा रोक लगाइएको हुँदा कोहि कसैले पनि यस नगरपालिका क्षेत्र भित्र आवतजावत नगर्न हुन र नगरपालिका क्षेत्र भित्र रहनुभएका कोहि पनि नगर बाहिर नजानुहुन।

२ नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरुमा रहेका खाद्यान्न, पानी, दुध, तरकारी, फलफूल, औषधी, इन्धन जस्ता अत्यावश्यक सामग्री तथा सेवाहरु बाहेका अन्य सम्पूर्ण पसल व्यवसाय, होटल, चियाचमेना गृहहरु साथै नगरपालिकाभित्र संचालन हुने अन्य संस्था र कार्यालयहरु बन्द गर्नु गराउनुहुन।

३ नगरपालिका क्षेत्र भित्र अत्यावश्यक बाहेक आफ्नो घर बाहिर ननिस्कनहुन साथै अनावश्यक मानिसहरुको भिडभाड र जमघट नगर्न नगराउनुहुन।

४ कुनै किसिमका हल्लाका पछि लागि भ्रमपूर्ण समाचार सम्प्रेषण नगर्न नगराउनुहुन।

५ स्वस्थ्य जीवन र व्यक्तिगत सरसफाईका उपायहरु अवलम्बन गरी सम्भावित समस्याहरु प्रति बेलैमा सजग, सतर्क र सुरक्षित रहनुहुन।

धन्यवाद !

(टोक बहादुर वाइवा)
नगर प्रमुख

टोकबहादुर तामाङ
नगर प्रमुख


Web site: mandandeupurmun.gov.np
E–mail: mandandeupurmu@gmail.com